कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# सिक्लेस हाइड्रोपावर लिमिटेड

# Sikles Hydropower Limited

रजिष्ट्रार कार्यालयः लेखनाथ- ०७, पोखरा, कास्की
फोन नं.: ०६१-४६५८०६, ५२७८०७, ४६२७७४
इमेल : sikleshydro13mw@gmail.com, वेबसाईटः www.sikleshydro.com.np

## आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूको निमित्त निष्काशन गरिएको साधारण शेयरको बाँडफाँट तथा रकम फिर्ता भुक्तानी सम्बन्धी सूचना

सिक्लेस हाइड्रोपावर लिमिटेडले आफ्नो जारी पूँजी रु. ८५,००,००,०००/- (अक्षरेपी पचासी करोड मात्र) मध्ये १०% अर्थात् रु. ८,५०,००,०००/- (अक्षरेपी आठ करोड पचास लाख) रकम बराबरको रु. १००/– अंकित दरका ८,५०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात् कास्की जिल्लाको प्रभावित क्षेत्र मादी गाउँपालिकाका वडा नं. १, २ र ३ का बासिन्दाहरुका लागि बि.ओ.के.क्यापिटल मार्केट लिमिटेडको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा **मिति २०७९ श्रावण ०६ गतेदेखि मिति २०७९ भाद्र ०५ गतेसम्म** बिक्री खुल्ला गरिएकोमा सो अवधिभित्र रीतपूर्वक आवेदन दिनु हुने सम्पूर्ण आवेदकहरूलाई बाँडफाँट सम्बन्धी प्रचलित कानून बमोजिम उक्त कम्पनीको ८,५०,००० कित्ता साधारण शेयरहरू मिति २०७९ भाद्र १५ गते बुधबार बाँडफाँट गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदछौं।

शेयर बाँडफाँट सम्बन्धी विवरण धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक बि.ओ.के. क्यापिटल मार्केट लिमिटेडको वेबसाइटः www.bokcapital.com.np र कम्पनीको वेबसाइटः www.sikleshydro.com.np बाट समेत हेर्न सकिने व्यहोरा समेत जानकारी गराउँदछौ।

साथै, संकलन केन्द्रबाट दरखास्त फाराम बुझाएका लगानीकर्ताहरूको हकमा आंशिक रुपमा बाँडफाँटमा परेको वा बाँडफाँटमा नपरेको शेयर वापतको रकम यही मिति २०७९ भाद्र २० गते सोमबारदेखि सम्बन्धित आवेदकहरूले दरखास्त फाराममा उल्लेख गरेको बैंक तथा वित्तीय संस्थाको खातामा रकमान्तर गरिने व्यवस्था मिलाइएकोले आफ्नो खातामा रकम जम्मा भए नभएको एकिन गरी यदि जम्मा नभएको खण्डमा बि.ओ.के. क्यापिटल मार्केट लिमिटेडमा सम्पर्क गर्नहुन सूचित गर्दछौ।

साथै, यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु, विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिङ लि., कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, प्रत्याभुतीकर्ता, संञ्चार माध्यमहरु तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद तथा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

**बि.ओ.के. क्यापिटल मार्केट लि.**
**B.O.K Capital Market Ltd.**
A subsidiary of Bank of Kathmandu Limited

नारायणचौर, नक्साल, काठमाडौं, नेपाल।
फोन नं.: ०१-४५१३४९६, ४५१३०९६
Email: info@bokcapital.com.np
Website: www.bokcapital.com.np

मिति २०७९/०५/१६ गतेको कारोबार दैनिकमा प्रकाशित गर्ने।